कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code
5MRQ+7C6 Kohalpı
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८१/०८२(कृषि विकास शाखा)
च.नं.:

## हिउदे मकै प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

**तेस्रो पटक सुचना प्रकाशित मिति : २०८१/०९/०७**

यस कोहलपुर नगरपालिका, नगर कार्यपालिको कार्यालय, कृषि विकास शाखाको आ.व. २०८१/८२ मा संघिय सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार **हिउदे मकै प्रवर्द्धन कार्यक्रम**मा सहभागी हुन इच्छुक आवेदकले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र मिति २०८१/०९/१३ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट वा कार्यालय खुल्ने दिन) कोहलपुर नगरपालिका, कृषि विकास शाखामा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, सन्चालन कार्यविधि कोहलपुर नगरपालिका, कृषि विकास शाखा बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कृषि विकास शाखाको सम्पर्क नम्बर ०८१-५४१७५८ वा ९८५८०५५६९० मा सम्पर्क गर्न सकिन्छ ।

तपसिलः-

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु र अनुदानको सिमा | न्युनतम मापदण्ड |
|---|---|---|---|
| १ | मकै बाली प्रवर्द्धन कार्यक्रम | • हाईब्रीड तथा उन्नत मकैको बीउ, बिषादीहरुमा ५० प्रतिशत अनुदान<br>• मकैको बीउ उत्पादन गर्ने समुह, सहकारीलाई (बीउ तथा आवश्यक सामाग्रीमा ५० प्रतिशत अनुदान<br>• साना सिंचाईः- (सार्वजनिक/सामुदायिक साना सिंचाईमा ८५ प्रतिशत र व्यक्तिगत साना सिंचाईको हकमा ५० प्रतिशत अनुदान)<br>- कुलो निर्माण तथा मर्मतका लागि प्रति स्किम अधिकतम ७५००० सम्म।<br>- स्यालो टयुबवेल जडानमा प्रति स्किम बढीमा रु ५०००० सम्म ।<br>- पम्पसेट, मोटर पाईप तथा अन्य सामाग्रीमा अनुदान । | • कृषक/कृषक समुह/ सहकारी/ फार्म मार्फत कार्यक्रम सन्चालन हुनेछ ।<br>• कार्यक्रम व्लकमा सन्चालन हुनेछ र एउटा व्लकको क्षेत्रफल/साईज १० हेक्टरको हुनु पर्नेछ । |

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. प्रस्तावकको निवेदन । (अनुसुची २ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फार्म/कम्पनी/सहकारी) ।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कार्यक्रम सन्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
६. समुह/सहकारीको अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।
७. प्रस्ताव पेश गर्नेको नागरिकता र जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि ।
८. निर्माण गरिने पुर्वाधारको हकमा लागत अनुमान ।
९. पुर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सन्चालन गर्नेको हकमा १५ वर्ष वा तोकिएको अवधिको करार पत्र) ।

२०८१/०९/०६

..................
(राम बहादुर हमाल)
नि. प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, agro@kohalpurmun.gov.np +९७७-०८१-५४१७५८
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun